# PRESS STATEMENT

UNITED NATIONS
HUMAN RIGHTS
OFFICE OF THE HIGH COMMISSIONER

**ज्योति साङ्घेरा**
**नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार कार्यालय (उच्चायुक्तको कार्यालय)की प्रमुख**
**सञ्चारमाध्यमलाई दिइएको वक्तव्य**
**२०६८ भदौ ८, विराटनगर**

**नमस्ते**

उच्चायुक्तको कार्यालयका तर्फबाट म तपाईंहरू सबैलाई आज यस पत्रकार भेटघाट कार्यक्रममा स्वागत गर्न चाहन्छु । म यस अवसरमा स्थानीय राज्यअधिकारीहरू, राष्ट्रिय मानवअधिकार आयोग, नेपाल पत्रकार महासङ्घ, मानवअधिकार रक्षकहरू र विशेषगरी स्थानीय बासिन्दालाई मेरो विराटनगरको दुईदिने भ्रमणका क्रममा गर्नुभएको सहयोगका लागि धन्यवाद दिन्छु ।

मेरो भ्रमणको उद्देश्य पत्रकारहरू, राष्ट्रिय मानवअधिकार आयोग, मानवअधिकार रक्षकहरू र मोरङका राज्यअधिकारीहरूद्वारा पत्रकारहरूको संरक्षण र अभिव्यक्ति स्वतन्त्रताको तिनको अधिकारलाई संरक्षण गर्न गर्नुभएको प्रयासहरूलाई मान्यता दिनु र त्यसमा सहयोग गर्नु हो ।

त्यसबाहेक, मेरो भ्रमणमार्फत् उच्चायुक्तको कार्यालयले बोक्सी प्रथालाई गैरकानुनी घोषणा गरेर महिलाविरुद्धको हिंसा अन्त्य गर्नेतर्फ जारी केही महत्वपूर्ण स्थानीय पहलहरूमा समर्थन गर्न खोजेको छ । उच्चायुक्तको कार्यालय यस जिल्लामा महिलाको अधिकारलाई प्रवर्द्धन गर्न मुस्लिम समुदायद्वारा केही सकारात्मक अग्रगामी कदमहरू चालिएको कुरालाई स्वीकार पनि गर्न चाहन्छ ।

यसै वर्षको मङ्सिर ९ गतेसम्ममा आफ्नो गाविसलाई बोक्सीको आरोपमुक्त बनाउने अभियानमार्फत् आँपगाछीका मानिसहरूले हाम्रो लागि एउटा नमुना स्थापना गरेका छन् भन्दा त्यो अत्युक्ति हुनेछैन । स्थानीय समुदायका यी प्रयासहरूको प्रशंसा गरिनुपर्छ ।

मेरो भ्रमणका क्रममा उठाइएको सबैभन्दा गम्भीर चिन्ताहरूमध्ये एउटा दण्डहीनताको वृद्धि तथा व्यापकता हो - महिलाविरुद्धको हिंसाका लागि दण्डहीनता, मानवअधिकार उल्लङ्घनका लागि दण्डहीनता तथा हिंसात्मक अपराधका लागि दण्डहीनता । पत्रकारहरूमाथि र प्रहरी एवं तिनका परिवारसमेतमाथि भएको भनिएका हालैका पाशविक आक्रमण र डराउने/धम्क्याउने कार्यहरू नेपालमा दण्डहीनताको गम्भीर स्थितिका सङ्केत हुन् । आफूलाई कुनै सजाय हुँदैन र जवाफदेही बनाइँदैन भन्ने थाहा पाएका कारण मानिसहरूले धम्की र हिंसाको प्रयोग गर्न सकेका हुन् भनेर मलाई भनियो ।

स्पष्ट खतराका बाबजुद पत्रकारलगायत सबैले खुलेर बोल्ने साहस देखाउने प्रशंसायोग्य छ । कानुनी शासनमार्फत् मात्र अपराधलाई सम्बोधन गर्नुपर्छ भन्ने तिनको दृढताको बल पनि प्रशंसायोग्य छ । हामीले कुराकानी गरेका धेरैजना प्रहरी र न्याय प्रणालीले कुनै हस्तक्षेपबिना, पीडितहरूलाई थप खतराबाट जोगाउने तथा कानुनको उल्लङ्घन गर्ने व्यक्तिहरूलाई सजाय गर्न पाउने काम गर्न सक्ने निष्पक्ष वातावरण तयार पार्नुपर्ने महत्वमाथि सहमत छन् ।

उच्चायुक्तको कार्यालय पत्रकारहरूमाथिका धम्कीको गम्भीरता तथा अभिव्यक्ति स्वतन्त्रताबारे वरिष्ठ सम्पादकहरूको प्रतिनिधिमण्डलले प्रधानमन्त्रीसमक्ष दर्शाएको चिन्तालाई पनि समर्थन गर्दछ । म यस सम्बन्धमा काठमाडौंका केही प्रमुख सम्पादकहरू र नेपाल पत्रकार महासङ्घको नेतृत्वसँग सम्पर्कमा छु

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937

भन्ने जानकारी दिन चाहन्छु । राष्ट्रिय मानवअधिकार आयोगले पनि यस स्थितिप्रति चिन्ता व्यक्त गरेको छ र उच्चायुक्तको कार्यालय जवाफदेहीता कायम गर्ने यसका प्रयासहरूमा सहयोग गरिरहेको छ ।

मेरो यहाँको भ्रमणका क्रममा धेरै मानिसहरूले पत्रकारहरूविरुद्ध लक्ष्यित हालैका धम्की र आक्रमणहरूको जवाफमा नेपाल प्रहरीले देखाएको व्यावसायिकताप्रति सन्तोष व्यक्त गरेको कुरा म यहाँ तपाईंहरूलाई जानकारी दिन चाहन्छु । दुर्भाग्यवश यहाँका धेरैजनाले राजनीतिक शक्तिहरूले अपराधीहरूको संरक्षण गरिरहेका र पीडकहरूलाई आश्रय दिइरहेको कुरा पनि मलाई बताएका छन् ।

म कानुनी शासनको समर्थन गर्दै हाल समीक्षा भइरहेका आपराधिक घटनाहरूमा राजनीतिक रूपमा आबद्ध व्यक्तिहरूबाट भएको हस्तक्षेप रोक्न प्रतिज्ञा गर्ने राजनीतिक पात्रहरूका हालैका भनाइहरूको म स्वागत गर्छु । कानुनको उचित प्रक्रियामार्फत् फौजदारी आरोपहरूको सम्बोधन हुनु धेरै महत्वपूर्ण हुन्छ । वास्तवमा त्यही कुरा धेरै नेपालीहरूले खोजेका छन् ।

यति भन्दै म आफ्नो वक्तव्य अन्त्य गर्न चाहन्छु । तपाईहरूको जिज्ञासाको जवाफ दिन पाउँदा म खुसी हुनेछु ।

ध्यानपूर्वक सुनिदिनुभएकोमा धन्यवाद ।

Office of the High Commissioner
for Human Rights

Tel.: + 977 1 4280164
Fax: + 977 1 467 0712
Website: http://nepal.ohchr.org

For further information, contact
Chun Gurung
Ext. : 320
Email: cgurung@ohchr.org
Mobile: 98510 16937